This file has been cleaned of potential threats.

If you confirm that the file is coming from a trusted source, you can send the following SHA-256 hash value to your admin for the original file.

bf8acae3c19b0e7624fd683009866c6e84d4077c059811ef0260af0b9011fca8

To view the reconstructed contents, please SCROLL DOWN to next page.

सामाजिक
# सुरक्षा खबर
सामाजिक सुरक्षा कोषको मासिक प्रकाशन
सामाजिक सुरक्षा कोष
Social Security Fund
APR-MAY 2020 | Vol. 1 वैशाख, २०७७ www.ssf.gov.np

## शुभकामना



सामाजिक सुरक्षा कोषको स्थापना पश्चात् पहिलो पटक आफ्नो मासिक पत्रिका "***सामाजिक सुरक्षा खबर, वर्ष १, अङ्क १*** " प्रकाशन गर्न लागेको खबर पाउँदा म अत्यन्त हर्षित छु । यस समाचार पत्रको शुभारम्भको अवसरमा सामाजिक सुरक्षा कोषसँगै सरोकारवाला सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

कोषले गरेका विभिन्न गतिविधि, जानकारी र खोजमूलक रचनाका साथै अन्य जिज्ञासाहरू समावेश भएको यो समाचार पत्र पठनीय हुने विश्वास लिएको छु । नेपालको संविधानले प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । सो हकलाई व्यवहारमा कार्यान्वयन गर्नु हामी सबैको कर्तव्य हो । सोही अभियान पूरा गर्ने दिशामा कोषले प्रकाशन गर्ने यस समाचार पत्र एक महत्वपूर्ण कदम सावित हुनेछ भन्ने विश्वास लिएको छु। साथै भविष्यमा नियमित प्रकाशनको शुभकामना दिन चाहन्छु ।

अन्त्यमा कोषबाट सञ्चालित सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित भविष्य निर्माणमा हामी सबैको ध्यान जानेछ भन्ने विश्वास व्यक्त गर्दै सामाजिक सुरक्षा कोषको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

*रामेश्वर राय यादव*
*माननीय मन्त्री*
*श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

मितिः २०७७०१।१२

## शुभकामना



सामाजिक सुरक्षा कोषले नयाँ वर्ष २०७७ को आगमनसँगै पहिलो पटक आफ्नो मासिक पत्रिका "***सामाजिक सुरक्षा खबर, वर्ष १, अङ्क १*** " प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुसी लागेको छ । सामाजिक सुरक्षा कोषका गतिविधि, क्रियाकलाप र यससम्बन्धी अन्य विभिन्न पक्षहरूलाई समावेश गरी प्रकाशन हुने यो समाचार पत्र सामाजिक सुरक्षाको क्षेत्र र अन्य सरोकारवाला सबैलाई जानकारीमूलक, ज्ञानवर्द्धक र उपयोगी हुने अपेक्षा गरेको छु ।

सामाजिक सुरक्षाको हक प्रत्येक श्रमिकको मौलिक हकको रूपमा स्थापित संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गराउने सम्बन्धमा सरकार, रोजगारदाता र श्रमिक सबैको मुख्य भूमिका रहन्छ। कोषको यस अभियानमा यस समाचार पत्रको प्रकाशनले जराधार तहसम्म आवश्यक सन्देश पुऱ्याई थप योगदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

यस समाचार पत्र शुभारम्भ गरी प्रकाशन हुन लागेकोमा कोष परिवारमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी महिनाहरूमा समेत प्रकाशनको निरन्तरतासहित कोषको उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

*विनोद के सी*
*सचिव*
*श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय*

मितिः २०७७०१।१२

## प्रकाशकीय




"*असल श्रम सम्बन्धको आधार, सामाजिक सुरक्षा र रोजगार*" भन्ने मूल नाराका साथ २०७५ मंसिर ११ मा औपचारिक रुपमा शुभारम्भ भएको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम प्रत्येक श्रमजीबीहरुको सामाजिक सुरक्षालाई सुनिश्चित गर्नका लागि सञ्चालित कार्यक्रम हो । वास्तवमा सामाजिक सुरक्षा कार्यक्रम सरकार, रोजगारदाता र श्रमिक प्रतिनीधिहरुको आपसी सहकार्य र समन्वयको उपज हो। बदलिँदो विश्व परिवेशको उदाहरणले पनि सामाजिक सुरक्षा कार्यक्रमको उपादेयतालाई थप बल पुऱ्याएको देख्न सकिन्छ ।

सामाजिक सुरक्षा कार्यक्रमको सफल कार्यान्वयनले असल श्रम सम्बन्ध स्थापित गर्दै श्रम बजारमा स्थायित्व कायम हुने तथा मुलुकको समग्र आर्थिक विकाशमा टेवा पुग्नुका साथै श्रमिकको आर्थिक एवं सामाजिक पक्षलाई स्थिर एवं जोखिमरहित बनाउँदै रोजागारीको वातावरणलाई मर्यादित बनाउने हुनाले सामाजिक सुरक्षा कोष र यसले सञ्चालन गर्ने सामाजिक सुरक्षा योजनाहरु आजको आवश्यकता हो। यसले रोजगारदाताहरुलाई पनि प्रत्यक्ष र परोक्ष रुपमा सहज बनाएको कुरामा कुनै दुईमत छैन । तसर्थ, सामाजिक सुरक्षा कोष लाखौं श्रमजीबीहरुको भरोसाको केन्द्र हो ।

समग्रमा, सामाजिक सुरक्षा कोष रोजगारदाता तथा श्रमिकहरुकै जीवनको एउटा अभिन्न अंग बन्न प्रयासरत छ। नयाँ वर्षको आरम्भसँगै आफ्ना सरोकारवालाहरु माझ अझ नजिक हुन, आफ्ना गतिविधि र क्रियाकलापसँग सम्बन्धित बढी भन्दा बढी सूचना तथा जानकारी पुऱ्याउन ***सामाजिक सुरक्षा खबर*** मासिकको प्रकाशन शुभारम्भ गरेका छौं । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम नेपालको लागि नितान्त नौलो रहेको छ । आम जनमानसमा यसका विविध पक्षका बारेमा जानकारी गराउने सन्दर्भमा विभिन्न गोष्टी, सेमिनारहरु गर्ने गरिएको, जानकारीमूलक ब्रोसर, FAQ लगायतका सुचनामूलक सामग्रीहरु तयार गरिरहनुका साथै विभिन्न सामाजिक सञ्जालहरुको प्रयोगबाट समेत सूचनामूलक सामग्री तयार गरी सम्प्रेषण गरिरहेकोमा ***सामाजिक सुरक्षा खबर*** पनि त्यसैको पछिल्लो प्रयासको रुपमा रहेको छ ।

यस बुलेटिनलाई यहाँहरुको अमूल्य सल्लाह एवं सुझाव प्राप्त भईरहनेछ भन्ने अपेक्षा सहित नयाँ वर्ष २०७७ सबैमा शुभ रहोस् भन्ने कामना गर्न चाहन्छौं ।

# सामाजिक न्यायको आधार : सामाजिक सुरक्षा

*रोशन कोजू*

सामाजिक सुरक्षा आर्थिक तथा सामाजिक रुपमा जोखिममा रहेका नागरिकलाई सुरक्षा प्रदान गर्न राज्य र नागरिकहरूको साझा प्रयासमा सम्पादन गरिने महत्वपूर्ण कार्य हो । धनीले गरिबलाई, स्वस्थले कम स्वस्थलाई, पुरुषले महिलालाई, महिलाले पुरुषलाई, युवाले वृद्धलाई र वृद्धले युवालाई सहयोग गर्नु नै योगदानमा आधारित सामाजिक सुरक्षाको मूल मर्म हो । यसले रोजगारीमा नरहँदा आयको निरन्तरता, बिरामी, घाइते र अशक्तलाई उपचार, मातृत्व तथा शिशु स्याहार र घरको रोजीरोटी कमाउने मान्छेको मृत्युपश्चात् आश्रित परिवारलाई राहत दिन्छ । यसले मानव पुँजीको विकास एंव सुधारमार्फत् मानिसहरूलाई सवल बनाई उत्पादनमूलक पुँजी जम्मा गर्न तथा भविष्यमा उनीहरूको आयआर्जन क्षमता अभिवृद्धि गरी अन्तर पुस्तागत रुपमा हुने गरिबीको चक्रलाई तोड्ने औजारका रुपमा पनि कार्य गर्दछ । यसर्थ सामाजिक सुरक्षाले आर्थिक तथा सामाजिक रुपमा हुन सक्ने असुरक्षा तथा जोखिमबाट व्यक्तिलाई विभिन्न उपायको प्रयोगद्वारा विशेष सहुलियत, सहायता र संरक्षणको सुनिश्चित गर्दछ । संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्ममा विश्व भर सामाजिक सुरक्षा लागू गराइसक्ने उल्लेख छ । हामी त्यही बाटोमा सफलताका साथ लम्किरहेका छौं ।

## सामाजिक सुरक्षाको विकासक्रम र नेपाल

सामाजिक सुरक्षाको औपचारिक शुरुवात सन् १८८९ मा जर्मनीमा स्वास्थ्य बीमाको व्यवस्था गरी शुरु भएको पाईन्छ । बेलायतले सन् १९०८ मा जेष्ठ नागरिकलाई पेन्सनको व्यवस्था गरी सामाजिक सुरक्षाका कार्यक्रम शुरु गऱ्यो भने त्यसको तीन वर्षपछि राष्ट्रिय बीमा ऐन र सन् १९४० मा सार्वजनिक स्वास्थ्य बीमा कार्यक्रम शुरुवात गरेको थियो ।

संयुक्त राज्य अमेरिकामा औपचारिक रुपमा सन् १९३५ बाट सामाजिक सुरक्षा योजना शुरु गरिएको थियो । सन् १९३० को ठूलो आर्थिक मन्दी र युद्धबाट धेरै मानिसको मृत्यु तथा लाखौं मानिस अपांग, अशक्त भई परनिर्भर रहनुपर्ने भयावह अवस्थालाई ध्यानमा राखेर नै त्यहाँ वृद्धावस्थाको समयमा आर्थिक रुपमा कमजोर हुन नदिन एवं राज्यकोषबाट गर्नुपर्ने खर्चको दायित्वलाई बेलैमा सहज व्यवस्थापन गर्न सामाजिक सुरक्षा योजना शुरु गरिएको थियो ।

नार्दिक मुलुकहरू नर्वे, स्वीडेन, डेनमार्क, फिनल्याण्ड र आइसल्याण्डले पनि यस योजनालाई धेरै अगाडिदेखि व्यवस्थित रुपमा शुरु गरेका थिए । अहिले विश्वका अधिकांश मुलुकमा कुनै न कुनै रुपमा सामाजिक सुरक्षाका कार्यक्रम लागू गरिएका छन् ।

नेपालमा सामाजिक सुरक्षा योजनासम्बन्धी अवधारणा विभिन्न प्रकारले यहाँसम्म आइपुगेको छ । वि.सं. १९९१ मा राणा प्रधानमन्त्री जुद्ध शमशेरले सैनिक द्रव्यकोष स्थापना गरेर सैनिकहरूको मासिक पारिश्रमिकबाट १० प्रतिशत रकम कट्टी गरेर सुरक्षित राखिदिने तथा अवकाश लिएका बेला भुक्तानी दिने प्रचलन सुरु गरेका थिए । वि.सं. १९९३ सालबाट अवकाश प्राप्त कर्मचारीहरूले निवृत्तिभरण पाउने व्यवस्था शुरु भयो । वि.सं. २००१ मा सरकारले निजामती प्रोभिडेन्ट फण्ड नामबाट कर्मचारीहरूलाई सुविधा शुरु गऱ्यो । वि.सं. २०३० मा बोनस ऐन जारी गरेर श्रमिकलाई मुनाफामा हिस्सेदार बनाउने प्रचलन शुरु भयो । त्यसैगरी, वि.सं. २०४७ मा आएर कर्मचारी तथा श्रमिकलाई बचत गर्न अभिप्रेरित गराएर सरकारले नागरिक लगानी कोषको स्थापना गऱ्यो । वि.सं. २०५१ सालबाट भने ज्येष्ठ नागरिकलाई राहतस्वरुप भत्ता दिन शुरु गरेर सामाजिक संरक्षण गर्ने प्रचलन शुरु भयो ।

सम्पूर्ण नागरिकलाई सामाजिक सुरक्षाको सुनिश्चितताकै लागि नेपालको संविधानले सामाजिक सुरक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने संवैधानिक व्यवस्था गरेको छ । त्यसैगरी, मर्यादित श्रमको अवधारणाअनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्न सामाजिक सुरक्षा तथा सामाजिक न्याय प्रदान गर्न श्रम ऐन, २०७४ र सामाजिक सुरक्षा ऐन, २०७५ ले सरकारलाई सामाजिक सुरक्षाका सन्दर्भमा नीतिगत मार्गनिर्देशन गरेको छ ।

## सामाजिक सुरक्षा कोषको स्थापना

नेपालमा विभिन्न नाम र प्रकृतिमा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा हुँदाहुँदै पनि मुलुकका बहुसंख्यक नागरिक सामाजिक सुरक्षा सञ्जालभित्र आउन नसकेको हुँदा स्थायी, दिगो र व्यापक दायराको सामाजिक सुरक्षा प्रणाली स्थापना गर्न अति आवश्यक हुन गएकाले सामाजिक सुरक्षालाई व्यवस्थित र विस्तारित गर्दै लैजान आर्थिक वर्ष २०६६/२०६७ देखि सामाजिक सुरक्षा करको अवधारणा ल्याइयो । यसका लागि शासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी २०६७ चैत्र ७ गते सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई सोही नियमावली बमोजिम सामाजिक सुरक्षा कोष स्थापना भएको हो । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि यसै ऐन बमोजिम कोषले कार्य गर्दै आएको छ र यो श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहने व्यवस्था गरिएको छ । आर्थिक वर्ष २०६६/०६७ देखि निरन्तर रुपमा सामाजिक सुरक्षाको विषयलाई सम्बोधन हुँदै आएको सन्दर्भमा २०७५ मंसिर ११ गते औपचारिक रुपमा शुभारम्भ गरी सामाजिक सुरक्षा योजना २०७६ श्रावण ०१ देखि पूर्णरुपमा कार्यान्वयनमा आइसकेको छ । ततपश्चात हजारौं रोजगारदाता र लाखौं श्रमिकहरू सामाजिक सुरक्षा कोषमा आवद्ध भई सक्नु भएको छ भने केही श्रमिक र उनीहरुका आश्रित परिवार लाभान्वित पनि भइसकेका छन् । त्यसैले नेपालमा सामाजिक सुरक्षा कोषले सुरु गरेको समाजिक सुरक्षा योजना नयाँ युगको शुरुवात हो ।

¤ ¤ ¤



# डेनमार्कमा विद्यमान पेन्सन प्रणाली : एक दृष्टि

आनन्द वंश न्यौपाने

*स्काण्डेभेनियन मुलुकहरु विश्वका समृद्ध मुलुकको सूचीमा अग्रपङ्क्तिमा रहने गर्दछन् । यस सूचीमा आउने डेनमार्कबारे धेरैलाई चासो हुने गरेको छ । यहाँका नागरिकको जीवनस्तर विश्वकै उच्च मध्येको मानिन्छ । प्रतिव्यक्ति आयको सूचीमा डेनमार्क शीर्षस्थ स्थानमा आउँछ । खुला बजार अर्थतन्त्रमा आधारित डेनमार्कमा लोक कल्याणकारी व्यवस्था पनि उत्तिकै मजबुत छ । त्यहाँका करिब ८० प्रतिशत मानिसहरुले सेवाक्षेत्रमा रोजगारी गर्दै आएका छन् भने ११ प्रतिशतले उत्पादनमूलक क्षेत्रमा तथा २ प्रतिशतले कृषि क्षेत्रमा रोजगारी पाएका छन् । ७ प्रतिशत भने अन्य क्षेत्रमा कार्यरत छन् । अधिकांस आर्थिक सुचकांकमा अग्रपङ्क्तिमा रहको डेनमार्क विश्व खुसी सुचकांकमा पनि अगाडि नै रहेको छ । त्यसैगरी, यस देशमा सञ्चालित सामाजिक सुरक्षाको व्यवस्थालाई पनि उत्तिकै अब्बल मानिन्छ । यहाँ करमा आधारित तथा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । पेन्सन सुविधा, बिरामी तथा मातृत्व सुविधा, कार्यस्थल दुर्घटना सुविधा, अशक्तता सुविधा, बेरोजगार तथा पारिवारिक भत्ता आदि सामाजिक सुरक्षा कार्यक्रमहरु अस्तित्वमा रहेका छन् । यस लेखमा डेनमार्कको योगदानमा आधारित पेन्सन प्रणालीबारे मात्र चर्चा गर्ने प्रयास गरिएको छ ।*

डेनमार्कमा करमा आधारित र योगदानमा आधारित गरी दुई प्रकारका सुरक्षा कार्यक्रम संचालनमा छन् । यस अन्तरगत वृद्धावस्था, अशक्तता तथा आश्रित गरी तीन किसिमका पेन्सन प्रणाली प्रचलनमा रहेका छन् । डेनमार्कमा करमा आधारित पेन्सन योजनाले त्यहाँको ९०% जनतालाई समेटेको छ, जसलाई यूनिभर्सल पेन्सन योजनाको नामले चिनिन्छ । त्यसैगरि, योगदानमा आधारित पेन्सन योजनामा प्रचलित कार्यक्रम हो **- श्रमबजार पूरक पेन्सन (ATP)** कार्यक्रम । यो कार्यक्रम श्रम बजार पूरक पेन्सन इन्स्टिच्युसन नामक सरकारी संस्थामार्फत संचालित छ । नेपालमा जस्तै यो योजना त्यहाँको सरकार, रोजगारदाता र श्रमिकहरूको सहकार्यको उपजको रुपमा लागू भएको हो । यसमा योगदानकर्ताले ९ देखि १७ % सम्म योगदान गर्न पाउँछन् । सामान्यतया उच्च आय भएकाले बढी योगदान गर्न पाउँछन् । औसतमा डेनमार्कका श्रमिकहरूले ११% योगदान जम्मा गर्दछन् । योगदानकर्ता श्रमिकले जम्मा गर्ने उक्त रकम कुल योगदान रकमको एक तिहाई मात्र हो । बाँकी दुई तिहाई रोजगारदाताले तिर्ने गर्दछ । यो योजनाअन्तर्गत थुप्रै कार्यक्रमहरू संचालनमा छन् ।

यो कार्यक्रममा प्रत्येक योगदानकर्ताले पाउने पेन्सन रकम उसले जम्मा गरेको योगदान रकममा निर्भर हुन्छ । यो कार्यक्रममा हप्तामा ९ घण्टा वा सोभन्दा बढी काम गर्ने १६ देखि ६५ वर्षसम्मका श्रमिकहरू, सन् २००३ भन्दा अगाडि प्रत्याभूत गरिएका अशक्तता पेन्सनकर्ताहरू, बिरामी, मातृत्व तथा बरोजगारहरू तथा सामाजिक सहायता लाभग्राहीहरू अनिवार्य आबद्ध हुनुपर्ने नियम छ । उनीहरूले हरेक वर्ष एक निश्चित रकम योगदान गर्नुपर्ने प्रावधान छ । सन् २०१४ मा जारी नियमानुसार प्रत्येक पूर्णकालीन कर्मचारीले बार्षिक ३,२४० क्रोनर जम्मा गर्नुपर्ने हुन्छ । बिरामी तथा मातृत्व सुविधा, बेरोजगारी सुविधा तथा व्यवसायिक तालिम सुविधा लिनका लागि भने योगदानकर्ताले दोब्बर रकम योगदान गरेको हुनुपर्ने प्रावधान रहेको छ । योगदान रकम मासिक वा चौमासिक रुपमा कोषमा जम्मा गर्न सकिने व्यवस्था छ । यदि कर्मचारी पूर्णकालीन नभएको खण्डमा भने योगदान






गर्नुपर्ने रकम कम हुने व्यवस्था छ । स्वरोजगारमा रहेकाले वार्षिक ३,४०८ क्रोनर सम्म बुझाउनुपर्दछ जो चौमासिक रुपमा कोषमा रकम जम्मा गर्नुपर्दछ । विदेशमा रहेर पनि पेन्सनको भुक्तानी प्राप्त गर्न सकिन्छ ।

## वृद्धावस्था पेन्सन सुविधा

डेनमार्कमा वृद्धावस्था पेन्सन योजनाका निम्ति निवृत हुने उमेर ६५ वर्ष (सन २०२२ सम्म ६७ वर्ष र सन २०३० सम्म ६८ वर्ष हुने अनुमान गरिएको) कायम छ । पूर्ण पेन्सन (Full Pension) सुविधा लिन योगदानकर्ता श्रमिकले लगातार तथा पुर्ण रकम योगदान गरेको हुनुपर्दछ। यसरी पेन्सन पाउँदा हरेक योगदानकर्ताले लिएको कभरेज र भुक्तान गरेको योगदान संख्याको आधारमा गणना गरिन्छ । प्रत्येक योगदानकर्ताले वार्षिक अधिकतम करिब २५,००० क्रोनर पेन्सन पाउँछन् । २,५०० क्रोनरदेखि कमको पेन्सन भने एकमुष्ट रुपमा प्रदान गरिन्छ ।

यो कार्यक्रममा सहभागी योगदानकर्ताले पेन्सनयोग्य उमेरमा पुगेपछि १० बर्ष ढिलो पेन्सन लिने गरी पेन्सन स्थगन गर्न पनि पाउँछन् । यसका लागि कम्तिमा वार्षिक ७५० घण्टा काम गर्नैपर्छ । यसरी ढिलो पेन्सन लिएमा (६५ वर्षदेखि ७५ वर्ष उमेरभित्र) स्थगन गरिएको पेन्सन हरेक स्थगन वर्षमा ५% ले वृद्धि हुन्छ । तर सरकारको वित्तीय अवस्था हेरी यो सुविधामा समायोजन हुन सक्ने प्रावधान पनि राखिएको छ ।

## अशक्तता पेन्सन सुविधा :

स्थायी रुपमा कार्यक्षमता घटेको तथा कुनैपनि आयआर्जनमूलक काम गरी योगदानकर्ताले आफ्नो जीवननिर्वाह गर्न सुनिश्चित नभएको भनी मुल्याङ्कन गरिएको अवस्थामा यस पेन्सन सुविधा प्रदान गरिन्छ । तर यदी योगदानकर्ताको काम गर्ने क्षमता कुनै उपचार पद्धति वा अन्य प्रक्रिया मार्फत सुधार हुन सक्ने भनी मुल्याङ्कन गरिएमा यो सुविधा प्रदान गरिदैन । यस सुविधा प्राप्त गर्न १५ देखि ६५ वर्षको उमेर भित्र डेनिसका लागि कम्तिमा ३ वर्ष र विदेशीका लागि कम्तिमा १० वर्ष डेनमार्कमा स्थायी बसोबास गरेको हुनुपर्ने प्रावधान छ ।

यो योजनामा अविवाहितलाई वार्षिक १,९५,४२० क्रोनर र दम्पतीलाई वार्षिक १,६६,१०४ क्रोनर सुविधा भुक्तान गरिन्छ । यदि अविवाहितको ६६,५०० क्रोनर र विवाहितको हकमा १,०५,५०० क्रोनरभन्दा बढी आम्दानी छ भने ३०% पेन्सन रकम घटाइन्छ । ज्यालादरमा भएको परिवर्तन बमोजिम सुविधा पनि समायोजन गरिने प्रावधान राखिएको छ । पेन्सनयोग्य उमेरमा पुगेपछि अशक्तता पेन्सनलाई वृद्धावस्था पेन्सन सुविधाले प्रतिस्थापन गर्दछ ।

*अशक्तता पूरक सविधा* : अशक्तताकै कारण अतिरिक्त खर्च गर्नुपरेमा सो पुरा गर्न यो सुविधा दिइन्छ । पूरक सुविधामा अशक्तताको परिस्थितिलाई मूल्याङ्कन गरेर अतिरिक्त खर्चलाई ध्यानमा राखी मासिक न्यूनतम १,५०० क्रोनर प्रदान गरिन्छ । अनुमानित अतिरिक्त खर्च वार्षिक ६००० क्रोनर वा मासिक ५०० क्रोनर भन्दा बढी हुनुपर्छ । यसमा आय परीक्षण गरिदैन ।

*अनुमानित जेष्ठता पेन्सनः* शारीरिक तथा रोजगारीजन्य स्वास्थ्य समस्याका कारण कम्तिमा २५ वर्ष पूर्णकालीन काम गरी सामान्य अवकाश उमेरभन्दा ५ वर्ष अगाडि काम छोडेकालाई प्रदान गरिन्छ ।

| Exchange Rate (April 28, 2020) | |
|---|---|
| 1US $ | 6.87 D Kroner |
| 1US $ | 121.21 NPR |
| 1 Kroner | 17.73 NPR |

## आश्रित पेन्सन सुविधा

यदि श्रमिकले सन् २००२ पछि कम्तिमा २ वर्ष योगदान गरेपश्चात् निजको मृत्यु भएको छ भने आश्रित पति वा पत्नी (समलिङ्गी वा विपरितलिङ्गी) लाई यो सुविधा प्रदान गरिन्छ । यो योजनामा मृतकको परिवारलाई १०,५५० क्रोनरसम्म ( आश्रित १८ वर्षभन्दा कम उमेरको भएमा ८,८५० क्रोनर) मृत्यु अनुदानको रुपमा एकमुष्ट भुक्तान गरिन्छ । यो सुबिधा वार्षिक रुपमा ज्यालादरमा परिवर्तन भएबमोजिम समायोजन गरिन्छ । वृद्धावस्था पेन्सन वा अशक्तता पेन्सन लिएको वा प्राप्त गर्न योग्य रहेको अवस्थामा श्रमिकको मृत्यु भएमा तीन महिना बराबरको पेन्सन सुविधा आश्रितलाई प्रदान गरिन्छ ।

आश्रित भत्ताः यस योजनामा पति वा पत्नीको आय परीक्षण गरी एकमुष्ट १४,२६८ क्रोनरसम्म प्रदान गरिन्छ । आय परीक्षण गर्दा यदि जिवित पति वा पत्नी वा साथमा रहेकाको वार्षिक आम्दानी २,३४,८९५ क्रोनरभन्दा बढी भएमा सुविधा घटाएर प्रदान गरिन्छ । तर, यदि वार्षिक ३,६७,०२१ क्रोनर भन्दा बढी भएमा यो सुविधा प्रदान गरिदैन । सन् २००२ पछि कम्तिमा २ वर्ष योगदान गरेकाका लागि एकमुष्ट ५०,००० क्रोनर मृतकको पति वा पत्नीलाई तथा सन्ततीलाई दिइन्छ । सन् २००३ अगाडी योगदान गरेका मृतक योगदानकर्ताको जम्मा रकम भने आश्रितलाई एकमुष्ट प्रदान गरिन्छ । ¤ ¤ ¤

## बारम्बार सोधिने प्रश्नहरू

- सामाजिक सुरक्षा योजनामा सहभागी हुन कति प्रतिशत रकम योगदान गर्नुपर्दछ ?
  - रोजगारदाताले आधारभूत पारिश्रमिकको २० प्रतिशत र योगदानकर्ताले ११ प्रतिशत गरी जम्मा ३१ प्रतिशत रकम मासिक र नियमित रुपमा योगदान गर्नुपर्दछ ।
- आश्रित परिवार भन्नाले के बुझिन्छ ?
  - आश्रित परिवार भन्नाले योगदानकर्ताको एकाघरमा बस्ने देहायको नाताको कुनै जीवित व्यक्ति सम्झनुपर्दछ :
    - पति वा पत्नी,
    - छोरा, बुहारी वा छोरी,
    - बाबु, आमा, सासु वा ससुरा,
    - नाति वा नातिनी ।
- योगदानयोग्य आय भन्नाले के बुझिन्छ ?
  - योगदानयोग्य आय भन्नाले श्रमिकले प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीबाट दैनिक, साप्ताहिक, पाक्षिक वा मासिक रुपमा प्राप्त गर्ने प्रचलित कानुनबमोजिम कर कट्टी गर्नु पूर्वको आधारभूत पारिश्रमिक सम्झनुपर्दछ।
- योगदान रकम कति समयभित्र कोषमा जम्मा गरी सक्नुपर्दछ ?
  - योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ७ अनुसार योगदानयोग्य आय भुक्तानी गर्नुपर्ने महिना समाप्त भएको पन्ध्र दिनभित्र कोषमा रकम जम्मा गरी सक्नुपर्दछ ।
- समयमा योगदान रकम जम्मा नगरे के हुन्छ ?
  - योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ९ बमोजिम तोकिएको समयभित्र योगदान रकम जम्मा नगरे कोषमा जम्मा गर्नुपर्ने रकममा दश प्रतिशत ब्याज समेत थप गरी कोषले रकम असुल उपर गर्नुका साथै समयमा योगदान रकम जम्मा भएन भने योगदानकर्ताले पाउने औषधी उपचार, स्वास्थ्य एवं मातृत्व सुरक्षा, दुर्घटना र अशक्तता एवं आश्रित परिवार सुरक्षा योजनाको सुविधाबाट समेत बञ्चित भइन्छ ।
- योगदानकर्ताले गलत विवरण पेश गरी बढी सुविधा दाबी गरेको प्रमाणित भएमा के हुन्छ ?
  - योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ४७ बमोजिम योगदानकर्ताले गलत विवरण पेश गरी बढी सुविधा दाबी गरेको पाइएमा निजबाट त्यस्तो रकम असुल उपर गर्ने व्यवस्था रहेको छ ।
- सरकारी सेवामा रहेका कर्मचारीहरूलाई कोषमा किन योगदान अनिवार्य नगरिएको हो ?
  - ऐनको दफा २१ बमोजिम सरकारी सेवामा रहेका कर्मचारीहरूलाई सरकारले तोकेबमोजिम हुने व्यवस्था रहेकोमा हाल सरकारी कर्मचारीको योगदानमा आधारित पेन्सन कार्यक्रम अर्को व्यवस्था नभएसम्म कर्मचारी सञ्चय कोषले सञ्चालन गरिरहेको हुँदा सामाजिक सुरक्षा कोषमा आबद्ध नभएको हो ।
- कुनै कर्मचारीले रोजगारी छाडेमा कति दिनभित्रमा कोषलाई जानकारी गराउनुपर्दछ ?
  - योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा २४ मा कुनै कर्मचारीले रोजगारी छाडेमा रोजगारदाताले एक महिनाभित्र कोषमा जानकारी गराउनुपर्ने व्यवस्था रहेको छ ।
- आधारभूत पारिश्रमिक भन्नाले के बुझिन्छ ?
  - आधारभूत पारिश्रमिक भन्नाले रोजगारीमा रहेबापत प्राप्त गरेको भत्ता तथा अन्य सुविधा बाहेकको रकमलाई बुझाउँदछ । सो शब्दले रोजगार अवधि १ वर्ष पुगेपछि हुने पारिश्रमिक वृद्धिको रकमलाई समेत जनाउँदछ ।
- आधारभूत पारिश्रमिक र भत्ता कसरी छुट्याउने ?
  - श्रम नियमावलीको नियम ६६ बमोजिम कुल पारिश्रमिकको कम्तिमा पनि ६० प्रतिशत आधारभूत पारिश्रमिक हुने व्यवस्था छ ।
- सञ्चय कोष, उपदान तथा बीमासम्बन्धी श्रम ऐनमा के व्यवस्था छ ?
  - श्रम ऐनको दफा ५२, ५३, ५४ र ५५ बमोजिम श्रमिकबाट १० र रोजगारदाता बाट १० गरी २० प्रतिशत सञ्चय कोष कट्टा गर्नुपर्ने, प्रतिमहिना आधारभूत पारिश्रमिकको ८.३३ प्रतिशत उपदान रकमको व्यवस्था गराउनुपर्ने, न्यूनतम १ लाखको औषधि उपचार र ७ लाखको दुर्घटना बापतको बीमा गराउनुपर्ने व्यवस्था रहेको छ।
- न्यूनतम पारिश्रमिक के हो र कसरी निर्धारण हुन्छ ?
  - श्रम मन्त्रालय अन्तर्गत न्यूनतम पारिश्रमिक निर्धारण गर्ने समितिले प्रत्येक २/२ वर्षमा परिमार्जन गर्ने गरी निर्धारण गरेको पारिश्रमिकलाई न्यूनतम पारिश्रमिक भनिन्छ । हाल यस्तो पारिश्रमिक रू.१३,४५० रहेको छ ।(नियमित कर्मचारीको हकमा)
- सामाजिक सुरक्षा योजनामा आबद्ध हुँदा खाईपाई आएको सुविधाको बारेमा कस्तो व्यवस्था छ ?
  - श्रम ऐन, २०७४ को दफा १७८ (३) मा कोषमा आबद्ध भएको कारण खाईपाई आएको सुविधा नघट्ने व्यवस्था रहेको छ । साथै, श्रम नियमावलीको नियम २३ (४) मा नियमावली प्रारम्भ हुँदाको बखत कसैले लिएको रकम एक महिनाभन्दा बढी भएमा कोषमा जम्मा गर्नुपर्ने हदसम्मको रकम सामाजिक सुरक्षा कोषमा जम्मा गरी बाँकी रहेको रकम सम्बन्धित श्रमिकले प्राप्त गर्ने गरी व्यवस्था गर्नुपर्ने भन्ने व्यवस्था रहेकोले सामाजिक सुरक्षा योजनामा आबद्ध हुँदा खाईपाई आएको सुविधा घट्दैन ।
- आंशिक रुपमा काम गर्ने श्रमिकहरूको हकमा कोषमा योगदान गर्न के कस्ता प्रावधान रहेका छन् ?
  - आंशिक रुपमा काम गर्ने श्रमिक कर्मचारीहरू समेत अन्य श्रमिक कर्मचारीसरह योजनामा समावेश हुनुपर्दछ ।
- कुनै योगदानकर्ताको निवृत्तभरण पाउन शुरु गरेको छोटो समयमै मृत्यु भएमा निजको आश्रित परिवारले के पाउँछ ?
  - निवृत्तभरण लिन शुरु गरेको १५ वर्ष पूरा नपुग्दै योगदानकर्ताको मृत्यु भएमा निजले पाइरहेको निवृत्तिभरण रकमको ५० प्रतिशत रकम मासिक रुपमा निजको पति वा पत्नी जीवित रहुन्जेल निवृत्तभरण प्राप्त गर्ने व्यवस्था छ ।
- २०७६ श्रावणदेखि रोजगारीमा आएका श्रमिकहरूको हकमा पेन्सन वा अवकाश सुविधा योजना छनौट गर्ने विकल्प छ कि छैन ?
  - २०७६ श्रावणदेखि रोजगारीमा आएका श्रमिकहरूको हकमा कोषमा १५ वर्ष योगदान गरेपछि अनिवार्य पेन्सन योजनामै सहभागी हुनुपर्ने र ६० वर्ष उमेर पुग्दासम्म पनि १५ वर्ष योगदान नपुगेको हकमा पेन्सन वा अवकाश सुविधा योजनामध्ये कुनै एक विकल्प छनौट गर्ने प्रावधान छ ।
- नेपाल सरकार वा अन्यत्रबाट समेत पेन्सन पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा कोषबाट पेन्सन पाउँछ कि पाउँदैन ?
  - सामाजिक सुरक्षा कोषबाट प्राप्त गर्ने पेन्सन योगदानमा आधारित पेन्सन भएको हुँदा अन्यत्रबाट पेन्सन पाईरहेको व्यक्तिले समेत सामाजिक सुरक्षा कोषबाट पेन्सन पाउँछ।
- सामाजिक सुरक्षा कोषको रकम कहाँ र कसरी जम्मा गर्ने ?
  - रोजगारदाताले Connect IPS सुविधा लिएको भए स्वयंले अनलाइनबाट/ सो नभए रोजगारदाताको खाता रहेको बैंकको Connect IPS मार्फत् सिधै सामाजिक सुरक्षा कोषको खातामा जम्मा गर्न सकिनेछ ।
- सामाजिक सुरक्षा कोषमा कर्जासम्बन्धी कस्तो व्यवस्था रहेको छ ?
  - योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको दफा ३२ मा कर्जा लगानीसम्बन्धी गरिएको व्यवस्थामा स्वीकृतिको प्रक्रियामा रहेको छ । जसअन्तरगत कोषले धितोमा आधारित आवास, शैक्षिक र सामाजिक कार्य गरी ३ प्रकारका कर्जाहरूको व्यवस्था गरेको छ ।
- कोषले उपलब्ध गराउने कर्जा सुविधामा ब्याजदर कति हुन्छ ?
  - अन्य अवकाश कोषबाट धितोमा कर्जा लिएका योगदानकर्ता सामाजिक सुरक्षा कोषमा आबद्ध भएमा निजले लिएको ऋण सोही ब्याजदरमा सार्ने व्यवस्था गरिएको छ ।कोषले उपलब्ध गराउने कर्जाको ब्याजदर बजारदरभन्दा कम हुनेछ ।
- सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकमको लगानी बापतको प्रतिफल पाइन्छ कि पाइदैन ?
  - सामाजिक सुरक्षा कोषका लगानीकर्ता भनेका योगदानकर्ता स्वयं भएको हुँदा कोषले आर्जन गरको सम्पूर्ण प्रतिफल (बिमाङ्कीय मूल्यांकन बमोजिम) स्वयं योगदानकर्ताले नै प्राप्त गर्दछन् ।
- नयाँ रोजगारदाता कोषमा आबद्ध हुन कुनकुन कागजातहरू आवश्यक पर्दछ ?
  - नयाँ रोजगारदाता कोषमा आबद्ध हुँदा रोजगारदाताको विवरण, रोजगारदाता संस्थाको प्रमुख कार्यकारी वा अध्यक्षको विवरणका साथै संस्थाको PAN वा VAT मा दर्ता भएको कागजात आवश्यक पर्दछन् । यदि रोजगारदाता विदेशी हो भने दुतावासले प्रमाणित गरिदिएको पत्र समेत आवश्यक पर्दछ ।
- सरकारी र नीजि क्षेत्रका कर्मचारीहरूलाई पेन्सन दिने विधि किन फरक-फरक निर्धारण गरिएको होला ?
  - हाल कोषमा आबद्ध योगदानकर्ताहरूको पेन्सन गणना गर्दा निजले योगदान गरेको रकममा प्राप्त प्रतिफल जोडी १८० ले भाग गरिन्छ भने सरकारी सेवामा रहेका कर्मचारीहरूको पेन्सन गणना गर्दा जम्मा सेवा वर्षलाई निजको आखिरी तलबले गुणान गरी ५० ले भाग गर्ने विधि प्रयोग गरिन्छ । सरकारी सेवामा रहने कर्मचारीहरूको तलब वृद्धिको निश्चित मापदण्ड हुने साथै माथिल्लो तथा तल्लो तहका कर्मचारीहरूबिच सेवा सुविधाको अन्तर धेरै नहुने कारणले अन्तिम आखिरी

*तलबलाई पेन्सनको आधार मान्न सकिन्छ तर नीजि क्षेत्रमा प्रत्येक संस्थाको आ-आफ्नै तलबसम्बन्धी मापदण्ड हुने, तल्लो तह र माथिल्लो तहका कर्मचारीहरू बिचको सेवा सुविधामा धेरै गुणा अन्तर रहने, त्यसका साथै तलब वृद्धिको निश्चित समय नहुने जस्ता कारणले आखिरी तलबलाई आधार मानी पेन्सन दिन असहज देखिएकाले उक्त गणनामा भिन्नता देखिएको मात्र हो ।*

- *योगदानकर्ताले जम्मा गरेको रकमको कसरी लगानी गरिन्छ ?*
  - ➢ *योगदानकर्ताको ३१ प्रतिशत रकमलाई सम्बन्धित योजनाहरूमा बाँडफाँड गरिएको हुन्छ। उक्त रकमको पोर्टफोलियो विविधीकरणको सिद्धान्तअनुरुप विभिन्न क्षेत्रमा लगानी गरिएको हुन्छ ।*
- *३१ प्रतिशत नै कट्टी गर्नुको आधार के हो ?*
  - ➢ *वास्तवमा सामाजिक सुरक्षा ऐन, श्रम ऐन २०७४ का साथै संविधानको मौलिक हक कार्यान्यनसँग सम्बन्धित छ । श्रम ऐन २०७४ मा सञ्चय कोषबापत प्रतिमहिना २० प्रतिशत, उपदानबापत प्रति महिना ८.३३ प्रतिशत, औषधि उपचार र दुर्घटना बीमा जस्ता सुविधा अनिवार्य गरिएको छ। त्यसै अनुरुप कोषले ३१ प्रतिशत रकम कट्टा गरेको हो ।*
- *के योगदान नगरेको समयको पनि प्रतिफल पाइन्छ ?*
  - ➢ *कोषमा जम्मा रहेको वृद्ध अवस्था सुरक्षा योजनाको लगानीबाट प्राप्त प्रतिफल समानुपातिक रुपमा योगदानकर्ताले पाउने व्यवस्था छ ।*
- *सामाजिक सुरक्षाले MOU नगरेको अस्पतालमा गएर उपचार गरेमा के हुन्छ ?*
  - ➢ *कोषले स्वास्थ्य संस्थाहरूसँग MOU भएर उपचार सेवा दिन थालेको जानकारी दिईएपछि MOU भएकै अस्पतालमा गएर उपचार गराउनुपर्दछ । दुर्घटनाको अवस्थामा मात्रै तोकिएको सीमासम्म जुनसुकै नजिकको अस्पतालमा उपचार गराउन सकिन्छ ।*
- *एकभन्दा बढी संस्थामा काम गर्नेले सबै संस्थाबाट योगदान रकम जम्मा गर्नुपर्दछ ?*
  - ➢ *प्रत्येक संस्थाबाट योगदान रकम कट्टी गरी कोषमा जम्मा गर्नुपर्दछ ।*
- *कोषले सञ्चालन गर्ने सुविधा योजनाहरू केमा आधारित छन् ?*
  - ➢ *कोषले सञ्चालन गर्ने सुविधा योजनाहरू ILO convention, 102 ले निर्धारण गरेका सामाजिक सुरक्षाका अन्तर्राष्ट्रिय न्यूनतम मापदण्डहरूमा आधारित छन् ।*




सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि (पहिलो संशोधन सहित), २०७५ का लागि बायाँ दिईएको QRस्क्यान गर्नुहोस् ।



# आ.व. २०७६/०७७ को रोजगारीको आयमा कर गणना

जमुना नेपाल

आ.व. २०७६/०७७ को आर्थिक अध्यादेशमार्फत् नेपाल सरकारले आयकर नियमावलीमा दशौं संशोधन गरी सामाजिक सुरक्षा कोषको कार्यान्वयन र सामाजिक सुरक्षाको दायरा विस्तारलाई ध्यानमा राख्दै करयोग्य आय गणनामा निर्धारणयोग्य आयको एक तिहाई वा तीन लाखमध्ये जुन कम हुन्छ सोही घटाउन पाउने व्यवस्थालाई संशोधन गरी करको निर्धारणयोग्य आयको एक तिहाई वा पाँच लाखमध्ये जुन कम हुन्छ सोही घटाउन मिल्ने भन्ने व्यवस्था गरेको छ। सोहिबमोजिम, उदाहरणको निम्ति मासिक रु १,००,००० तलव स्केल र तलवको ५० प्रतिशत भत्तालाई आधार मानी नेपालमा काम गर्ने प्राकृतिक दम्पती व्यक्तिको आयकर गणना गरी हेर्दा कर्मचारी सञ्चय कोष र लगानी कोषमा रकम कट्टा गर्दा भन्दा सामाजिक सुरक्षा कोषमा योगदान गर्दा ३३,३०० कर बचत हुने देखिन्छ। जुन उदाहरण निम्नासुर छ :

आ. व. २०७६ / २०७७ को रोजगारीको आयमा कर गणना:

| बिषय | रकम | | कैफियत |
|---|---|---|---|
| | संचय कोष मोडल | सामाजिक सुरक्षा कोष मोडल | |
| पारिश्रमिक | १,२००,०००.०० | १,२००,०००.०० | |
| जोड्ने : रोजगारदातावाट थप १०% (संचय कोष )<br>२०% (सामाजिक सुरक्षा कोष ) | १,२०,०००.०० | २,४०,०००.०० | |
| एक महिनाको दशैं भत्ता | १,००,०००.०० | १,००,०००.०० | |
| पारिश्रमिकको ५०% बराबर अन्य भत्ता | ६,००,०००.०० | ६००,०००.०० | |
| वार्षिक वोनस | ६,००,०००.०० | ६,००,०००.०० | |
| कुल निर्धारणयोग्य आम्दानी | **२,६२०,०००.००** | **२,७४०,०००.००** | |
| घटाउने : अवकाशबापत रकम | कुल निर्धारण योग्य आम्दानी को एक तिहाई अथवा **संचय कोष**, नागरिक लगानी कोष अथवा रु.३ लाख मध्ये जुन कम | कुल निर्धारण योग्य आम्दानी को एक तिहाई अथवा रु.५ लाख मध्ये जुन कम | आय कर ऐन अनुसार |
| कुल निर्धारणयोग्य आम्दानीको एक तिहाई (अथवा अवकाशबापत जम्माको अधिकतम सीमा ) | ६,७३,३३३.३३ | ७,१३,३३३.३३ | |
| घटाउने: | ३,००,०००.०० | ५,००,०००.०० | |
| बीमा | २५,०००.०० | २५,०००.०० | |
| कुल करयोग्य रकम | २२,९५,०००. ०० | २२,१५,०००.०० | |
| कर गणना | | | |
| पहिलो स्लाब ४५००००/- सम्म १% SST | ४,५००.०० | कर नलाग्ने | |
| दोश्रो स्लाब थप १,००,०००/- सम्म १०% (४५०,००० - ५५०,०००) | १०,०००.०० | १०,०००.०० | |
| तेस्रो स्लाब थप २०००००/- सम्म २०% (५५००००-७,५०,०००) | ४०,०००.०० | ४०,०००.०० | |
| चौथो स्लाब थप १२५००००/- सम्म ३०% (७५०,०००-२०००,०००) | ३,७५,०००.०० | ३,७५,०००.०० | |
| पाँचौ स्लाब थप २० लाख भन्दा बढीमा ३६%<br>(२२,९५,०००-२००००००) = २,९५,००० *३६% =१,०६,२००<br>(२२,१५,०००-२०,००,०००) = २,१५,००० *३६%=७७,४०० | १,०६,२०० | ७७,४०० | |
| जम्मा कर | ५,३५,७००.०० | ५,०२,४००.०० | |
| घटाउने : बार्षिक औषधि उपचार रु ७५० कुल करमा | ७५०.०० | ७५०.०० | |
| बार्षिक करयोग्य रकम | ५,३४,९५०.०० | ५,०१,६५०.०० | |
| कूल फरक | ३३,३००.०० | | |

*PF model र SSF model मा salary scale बरावर रू.१,००,००० मासिक आम्दानी भएको खण्डमा पनि योगदान फरकफरक हुँदा कर निर्धारणयोग्य आय समेत फरक हुन्छ। आय कर ऐन अनुसार करयोग्य आय निर्धारण गर्दा PF model मा कूल आम्दानीबाट रू ३,००,००० मात्रै घटाउन पाइन्छ भने SSF model मा रू. ५,००,००० घटाउन पाइन्छ। तलबको आधा भत्ता, एक महिनाको दशै भत्ता र बार्षिक बोनस ६ लाख मानेर करयोग्य आय गणना गर्दा PF model बाट gross assessable income रू २६,२०,००० हुन्छ। जसमा (PF+CIT) रू ३,००,००० र insurance premium रू. २५,००० घटाउँदा रू २२,९५,००० करयोग्य आय हुन्छ भने SSF model मा सोहीबमोजिम गणना गर्दा assessable income रू. २७,४०,००० हुन्छ। जसमा, SSF मा योगदान गरेबापत रू ५,००,००० र insurance premium २५,००० घटाउँदा रू २२,१५,००० करयोग्य आय आउँछ। यसरी कर गणना गर्दा SSF मा योगदान गरेबापत प्रचलित कानुन बमोजिम रु. ३३,३०० कर वचत हुन जान्छ।*

# सामाजिक सुरक्षा कोषमा जाँदा रोजगारदातालाई के के फाइदा हुन्छ ?

*यो कोष सञ्चालन प्रक्रियामा आएपछि श्रमिक वर्गलाई मात्र फाइदा हुन्छ भन्ने तर्क केही व्यक्तिले अगाडि सारेका छन् । यो कोष सञ्चालनपछि नेपाल सरकारले जनताप्रतिको उत्तरदायित्व बहन गरेको कार्यले नेपाली र सरकारको विश्वमा उच्च शिर हुनेछ । १ साउन ०७६ देखि सरकारी क्षेत्रमा नियुक्त हुने कर्मचारीलाई निवृत्तिभरण दिन सजिलो र भरपर्दो भएको छ र एउटा ठोस दीर्घकालीन योजना तयार भएको छ । जुन कार्य संविधानले परिकल्पना गरेझैँ समाजवादी अर्थतन्त्रको मूलढोका बनेको छ । साथै, यस कोषबाट रोजगारदातालाई निम्न फाइदा हुनेछ ।*

*यही कोष सञ्चालन गर्ने भनेर श्रम ऐनमा लचकताको नीति लिइएको छ। अब स्थायी गर भन्ने झन्झटबाट रोजगारदाता मुक्त भएका छन् । श्रम सम्बन्ध दिगो बनेको छ। श्रमिकका तलवबाहेक रोजगारदाताले वर्षैपिच्छे २५ प्रतिशतदेखि २८ प्रतिशतसम्म खर्च गर्नुपर्थ्यो । तर, यो कोष लागू भएपश्चात सो खर्च ५ देखि ८ प्रतिशतसम्म घट्ने देखिन्छ। यो रोजगारदातालाई उल्लेखनीय फाइदा हो।*

*उनीहरू प्रशासनिक झमेलाबाट मुक्त भएका छन् । रोजगारदाताका छोराछोरी पनि जागिरे भएमा उनीहरू पनि लाभान्वित हुनेछन् । सामाजिक सुरक्षा हुनु भनेको नागरिक सुरक्षित हुने हुँदा रोजगारादताको इज्जत माथि उठेको छ। प्रसूति बिदा ९८ दिनमध्ये ६० दिनको तलब रोजगारदाताले बेहोर्नेछ। औषधि उपचार खर्च पनि १४ वर्षसम्म २० दिनको र १५ वर्षपछि ३० दिनको दिनुपर्ने हुन्थ्यो। तर, श्रमिक १४ वर्षमा निवृत्तिभरणमा गए भने प्रत्येक वर्षको १० दिनको दरले हुन आउने १ सय ४० दिन आधारभूत पारिश्रमिक श्रमिकलाई दिनुपरेन। सो फाइदा रोजगारदातालाई नै हुने हो। बिरामी हुँदा पनि १२ दिनबाहेकको तलब कोषले बेहोर्ने देखिन्छ।*

*कार्य गर्दा दुर्घटना भएमा श्रमिकको मृत्यु हुँदा झेल्नुपर्ने झमेलाबाट पनि रोजगारदाता मुक्त हुने देखिन्छ। किनकि, आश्रित परिवार हाल सुरक्षित नहुँदा जागिर दे भनी युद्ध नै गर्नुपर्थ्यो। अब आश्रित परिवारलाई ६० प्रतिशत आधारभूत तलब र छोराछोरीलाई पढाउने जिम्मा कोषले लिएको छ। नेपाल सरकारले पारित गरेका नीति कार्यक्रम र ऐनलाई कार्यान्वयनमा ल्याउनु हाम्रो दायित्व हो। अतः सामाजिक सुरक्षा कोष सबैको साझा एजेण्डा हो।*
*यसले रोजगारदाता, श्रमिक र सरकार सबैलाई फाइदा पुग्छ। त्यसैले ढिलासुस्ती नगरी यस कोषमा दर्ता हुन सम्पूर्ण रोजगारदाता जानु अनिवार्य देखिन्छ।*

*(source: https://nayapatrikadaily.com/news-details/5296/2019-02-05)*

## सामाजिक सुरक्षा कोषमा मिति २०७७ बैशाख १० गतेसम्म आबद्ध रोजगारदाता तथा योगदानकर्ता विवरण

**कूल रोजगारदाताः १२३३०**
**कूल योगदानकर्ताः १५६९४५**
**कूल योगदान रकमः ९० करोड ११ लाख**
**सूचीकरणमा समेटिएका जिल्लाः ७४**



# कृष्णबहादुरको जीवनको साहरा : सामाजिक सुरक्षा कोष

*दिपक राज भट्ट*

**काठमाण्डौ सहर देशको राजधानी मात्र नभई आशाको धरोहर र जीवन परिवर्तन गर्ने थलो पनि हो । देशका प्रत्येक स्थानबाट आफ्नो सुन्दर भविष्य सजाउने अभिलाषामा हजारौं मानिस यही खाल्डोमा थुप्रिन्छन् । पढ्ने,जागिर खाने, धनदौलत र नाम समेत कमाउने आशामा आफ्ना सपनाहरूलाई घिसार्दै जीवन अगाडि बढाउनेका थुप्रै भिड छ । त्यही भिडमध्येका एक प्रतिनिधि हुन् कृष्णबहादुर जिरेल । दोलखा घर भई हाल बखुण्डोल बस्दै आएका ५१ वर्षीय जिरेल आफ्नो आशाको उज्यालो प्रकाशलाई थप उचाईमा पुऱ्याउने सपना सजाउँदै राजधानी छिरेका थिए । हाल कुनै निजी संस्थामा कार्यरत उनी विगत ३।४ महिनादेखि स्वास प्रस्वाससम्बन्धी रोगको शिकार भएर उपचार गराइसकेका छन् ।**

*"काम गरुन्जेल उपचार लगायतका अन्य सुविधा र अवकास पछि पेन्सन, अब मलाई यहाँ भन्दा के चाहियो र ?"*



जागिरे जीवन शुरु गरेता पनि कमाइले बिहान बेलुका छाक टार्न मात्र पुग्थ्यो, त्यो पनि मुस्किलले अनि बचतको त के कुरा । ओरालो लागेको मृगलाई बाच्छोले पनि खेद्छ भनेझैं थोरै मुस्कान छाउन लागेको उनको जीवनमा फेरि एकाएक कालो बादलले ढाक्यो । जीन्दगीको ५१ औं वर्षमा आएर एक्कासी स्वास प्रस्वासको रोगले थला परे । उपचार त गर्नै पऱ्यो तर गर्ने कसरी ? सानो एउटा प्राइभेट संस्थाको जागिरको कमाइले पेट पाल्न धौधौ छ । आखिर पहिलो प्राथमिकता त स्वास्थ्यलाई नै दिनुपऱ्यो । उपचारका लागि ललितपुर स्थित निदान हस्पिटलमा उपचार त गराए तर थप उपचारका लागि भने बडो समस्या पऱ्यो । ऋण काढेर उपचार गरौं भने यो उमेरमा कसले ऋण पत्याउने, विदेशमा भएको छोरालाई आफू ऋणमा भएको कुरा बताउँदा खिन्न होला भन्ने सोच लिएर बताउन चाहेनन् । के यसैगरी उपचार अभावमा गरीब मजदुर सधैं मर्नुपर्ने नै हो र ? उनको मनमा खुल्दुली पैदा भैरह्यो । आफ्नो विरह कसलाई सुनाउनु ?

मान्छेको जीवनको केही भरोसा नहुने रहेछ । एक चक्का बिग्रिएपछि जसरी रथले आफ्नो गन्तव्यमा नपुगी बिच बाटोमै अलपत्र पार्दछ, त्यसैगरी कृष्ण बहादुर जिरेलको पनि जीवनको रथको चक्का टुटेको आज १२ वर्ष भैसकेको छ । बाह्र वर्षअघि आफ्नो जीवन सँगिनी गुमाएका उनले छोराछोरीको भविष्यको चिन्ता र माया ममतामा कमि आउँछ कि भन्ने डरले दोस्रो विवाहको बारेमा कहिल्यै सोचेनन् । उनकी श्रीमतीले पैसाको अभावमा समयमै उपचार नपाउँदा पाठेघरको क्यान्सर भई अकालमा ज्यान गुमाउन पुगिन् । आर्थिक अवस्था कमजोर भएकै कारण उपचारको अभावमा उनका श्रीमती जस्ता कयौंले आज पनि अकालमा ज्यान गुमाइरहेका छन् । हरेक आमाबावुको ईच्छा सन्तानले राम्रो गरुन्, उन्नति प्रगति गरुन् र आफ्नो बुढेसकालको साहरा बनुन् भन्ने हुन्छ । जिरेलले पनि यही सोचाइ राखेका थिए । छोराछोरी हुर्काई बढाई पढाएर ठूलो बनाएर एक छोराको विवाह समेत गरिदिए ।

धन कमाउन विदेश गएका छोराले दिन प्रतिदिन आफ्नो वास्ता गर्न छाडेपछि उनी निराश बन्न पुगे । छोराले कमाएको रकम घर व्यवहारमा खर्च गर्ला भन्ने उनको आशा आशामा मात्रै सिमित रह्यो । अविवाहित रहेको कान्छो छोरो काठमाण्डौको कुनै स्कूलमा सेक्युरिटी गार्डको रुपमा कार्य गर्दछन् । उनले पनि आजसम्म बावुलाई खर्च उपलब्ध गराएका छैनन् । यसरी आफ्नै सन्तानले वास्ता गर्न छाडेपछि अन्तत: एक्लो बने जिरेल । उपचार अभावमा ज्यान गुमाएकी आफ्नी पत्नीको वियोगबाट भावुक हुँदै उनी सम्झन्छन्, "मैले उनलाई समयमा उपचार गराउन सकिन । आज उनी जीवित भएकी भए साहरा हुने थियो, आज म नितान्त एक्लो हुन पुगें ।"

आधा जिन्दगी बाँकी नै छ । जिल्लाबाट हातमुख जोर्नकै लागि एकल यात्री बनेर उनी काठमाण्डौ छिरे । काठमाण्डौ शहर धन हुनेको शहर, खाली पेट र रित्तो गोजी बोकेर शहर आउनेलाई कहर रहेछ । त्यसमा पनि उमेरले आधा शताब्दी हुनै लागेका मानिस कहाँ जाने, कसरी काम गर्ने, गाउँमा चुहिएको छानो कसरी टाल्ने र यहाँ आफ्नो हातमुख कसरी जोर्ने भन्ने समस्यामै पिल्सिने रहेछ । दुईचार दिन यसै गरी फिरन्ते जीवन बिताएपछि जिरेलले ट्रान्स हिमालयन टुर्समा नोकरी पाएर दंग भए ।

एक दिन कार्यालयका एकजना मित्रलाई उनले आफ्नो वेदनाको विषयमा सारा वृतान्त सुनाए । जिरेलका कुरा सुनेपछि उक्त मित्रले सामाजिक सुरक्षा कोषको विषयमा बताए । सामाजिक सुरक्षा कोषमा योगदान गरिरहेकाहरूलाई प्रत्येक वर्ष रु. एक लाखसम्मको औषधि उपचार सुविधा पाइन्छ भन्ने सुनेपछि एकाएक मुहारमा खुसी छायो । पहिले श्रावणमा तलबको एघार प्रतिशत कट्टा हुँदा केही निराश भएका जिरेल आफ्नो उपचारको सुविधा सामाजिक सुरक्षा कोषबाट पाइने भएपछि मन्द मुस्कानसहित थप उपचारमा संलग्न हुने निश्चय गरे । पहिले उनलाई सामाजिक सुरक्षा कोषको बारेमा केही पनि जानकारी थिएन । सरकारलाई तिरेको कर होला भन्ने सोचेका थिए । जब उनका लागि सामाजिक सुरक्षा कोष साहरा बनेर आयो तबमात्र उनले अझै थप बुझ्ने कोसिस गरे । बार्षिक अधिकतम एकलाखसम्मको उपचार खर्च कोषले ब्यहोर्ने र जसमा बीस प्रतिशत योगदानकर्ता स्वयंले तिनुपर्ने कुरा बुझे । कोषले प्रदान गर्ने वृद्धवस्था सुरक्षा योजनाको विषयमा स्पष्ट भएपछि त झनै उनको खुसीको सीमा नै रहेन । निदान हस्पिटल र ग्राण्डी हस्पिटलमा थप उपचार गर्दा लागेको रकमको असी प्रतिशत रकम सामाजिक सुरक्षा कोषले उनको बैंक खातामा दाखिला गरिसकेको छ ।

**भिडियोको लागि स्क्यान गर्नुहोस् ।**

*उपचार वापतको रकम पाएपछि जिरेल आफै सामाजिक सुरक्षा कोषको कार्यालयमा आई कोषलाई धन्यवाद समेत दिए । उनी भन्छन्, "अतिबेला सामाजिक सुरक्षा कोष भएको भए श्रीमतीको पनि ज्यान बचाउन सक्ने रहेछु ।" मासिक रुपमा थोरै रकम जम्मा गरेर पनि यति धेरै सुविधा पाउँदा उनी खुसी मात्र हैन छक्क समेत परेका छन् । सबैको साहरा गुमाएका उनको अबको साहरा नै सामाजिक सुरक्षा कोष बनेको छ । जिरेल भन्छन्, "काम गरुन्जेल उपचार लगायतका अन्य सुविधा र अवकासपछि पेन्सन, अब मलाई यहाँभन्दा के चाहियो र ?"*

# अन्तरवार्ता

"सामाजिक सुरक्षा योजनाको विकल्प छैन, त्यसैले यस अभियानमा सबै जुटौं ।"

- कपिलमणि ज्ञवाली
कार्यकारी निर्देशक
सामाजिक सुरक्षा कोष



**हाल सामाजिक सुरक्षा कोषले गरिरहेका कार्यहरू के–के हुन् ?**

*सामाजिक सुरक्षा कोष अहिले कोषमा रोजगारदाता तथा श्रमिकहरूको आवद्धता बढाउने, योजनाहरूलाई थप आकर्षक बनाउने र संस्थागत क्षमता वृद्धि गर्ने लगायतका कार्यहरूमा केन्द्रित भएको अवस्था छ । हामी अहिले आन्तरिक क्षमताको विस्तारमा बढी केन्द्रित छौँ । जसअन्तर्गत स्वास्थ्य संस्थाहरूको सञ्जाल विस्तार गर्ने, सूचना प्रविधिको स्तरोन्नति, आन्तरिक कार्यप्रणालीसमेत सूचना प्रविधिमैत्री बनाउने कार्यको तीव्रता, कोषको मौजुदा नीति तथा कार्यविधिहरूको समय सापेक्ष संशोधन, आवश्यक कार्यविधिहरूको निर्माण गर्ने कामहरू गरिरहेका छौँ । त्यसै गरी कोभिड १९ को विषम परिस्थितिमा सरकारद्वारा प्रदान गरिएको चैत्र महिनाको योगदान रकम कोषमा योगदान गरिरहेका योगदानकर्ता र रोजगारदाताको तर्फबाट सम्बधित योगदानकर्ताको खातामा जम्मा गर्ने कार्यसमेत भइरहेको छ ।*

**कोषमा रोजगारदाता तथा श्रमिकहरूको आवद्धता बढाउने कुरा गर्नुभयो, अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई कोषमा आवद्ध गराउन कोषले कस्तो तयारी गरेको छ ?**

*यो एकदमै महत्वपूर्ण प्रश्न हो । निश्चय नै हाम्रो परिकल्पना कानुनले अख्तियारी दिएका सबै क्षेत्रलाई कोषमा आवद्ध गराउने नै हो जसअन्तर्गत अनौपचारिक क्षेत्र अझ भनौँ न स्वरोजगार क्षेत्र पनि पर्दछ । तर समस्या कहाँनेर भइदियो भने जुन क्षेत्रमा हामी काम गरिरहेका छौँ त्यो क्षेत्रलाई पूर्ण रुपमा समेट्ने र आगामी वर्षसम्ममा अनौपचारिक क्षेत्र एवं स्वरोजगारमा रहेको क्षेत्रलाई समेटेर अगाडि बढ्न आवश्यक गृहकार्य शुरु गरिएको छ । विज्ञहरूसँग परामर्श लिने काम भइरहेको छ । हाम्रा कर्मचारी साथीहरूले अरु देशको सफल अभ्यासका बारेमा अध्ययन गरिरहनु भएको छ ।*

**कोषमा सूचीकृत भएर पनि योगदान रकम जम्मा नगर्ने समस्या देखिएको छ ? यस्तो के कारणले भएको होला र यो समस्या कसरी समाधान गर्न सकिएला ?**

*यसलाई म ठूलो समस्या मान्दिन । किनभने यो सबै रोजगारदाता तथा श्रमिकका लागि नयाँ विषय हो । त्यसैले यस बारेमा बुझ्न, बुझाउन तथा आन्तरिक तयारी गर्न केही समय अवश्य लाग्छ नै । फेरि कतिपय साथीहरू सञ्चय कोषलगायत अन्य कोषहरूमा अभ्यस्त भइसक्नु भएको अवस्था छ । त्यसैले हामीले आजको भोलि नै योगदान शुरु गर भनेर नभनेको अवस्था हो । कतिपय प्रतिष्ठानमा पहिलाको हिसाबकिताब मिलाएर कोषमा आउने सन्दर्भमा समय लागेको हो । जति योगदान रकम आएको छ त्यो एकदमै स्वतः रुपमा आएको हो । अनिवार्य योगदान गर भनेर नभनिएकै हो । हाम्रो मुख्य मुद्दा सूसुचित गराउँदै सूचीकरणमै थियो । अब यो समस्या लामो समय कायम रहन्न किनभने धेरैले सामाजिक सुरक्षाको महत्व बुझिसक्नु भएको छ भने कतिले यसको लाभ लिन थालिसक्नु भएको छ । यसैबिचमा अहिलेको विषम परिस्थितिमा सरकारले जुन योगदान गऱ्यो कोषमा त्यसको प्रभाव समेत पर्न थालेको छ । लकडाउनको समयमा समेत चारहजारभन्दा बढी योगदानकर्ता थप सूचीकृत हुनुका साथै योगदान गर्ने क्रम निरन्तर बढ्दो छ । यदि कतै समस्या देखियो भने हामी सहजीकरण गर्ने नै छौँ । हामी छिट्टै योगदान गर्न बाँकी सूचीकृत रोजगारदाताहरूलाई पत्राचार समेत गर्दछौँ ।*

**यस कोषको जस्तै विशेषता भएका अन्य संस्थाहरूले समेत सामाजिक सुरक्षा कोषसँग प्रतिस्पर्धी हुने प्रकृतिका आकर्षक योजनाहरू सार्वजनिक गरिरहेको अवस्था छ । यस सम्बन्धमा कोषको धारणा के छ ? र कोषले आफ्नो दक्षता अभिवृद्धि गर्न तथा आफ्ना योजनाहरूलाई थप आकर्षक बनाउन कस्तो रणनीति बनाएको छ ?**

*मलाई लाग्छ हामीलाई कसैले पनि प्रतिस्पर्धी मान्नु भएको छैन र सिद्धान्ततः हामी प्रतिस्पर्धी होइनौं पनि । नेपालमा हालसम्म सामाजिक सुरक्षा कोषको जस्तो बृहत सामाजिक सुरक्षा योजनाको सञ्चालन कसैले पनि गरेको छैन र यो सम्भावना पनि छैन किनभने बृहत योगदानमा आधारित सामाजिक सुरक्षाको जिम्मा यस कोषलाई प्राप्त छ । हाम्रो जस्तो असीमित दायित्व वहन गर्ने योजनाहरू मैले अरु देखेको छैन । यसोभन्दा हामीले घमण्ड गरेको जस्तो लाग्न सक्छ तर हामी त सबै खाले योजनाहरूलाई सँगसँगै लैजानुपर्ने बाध्यतामा छौँ । हौसिएर तातै खाउँ जल्दी मरुँ पनि त गर्न मिल्दैन । कोषको दिगोपनाको पनि सवाल छ । वास्तवमै हामी जन्मदेखि मृत्युपर्यन्त आकर्षक सुविधा दिने गरी योजना सञ्चालन गर्न प्रयत्नरत छौँ र निरन्तर सुधारको प्रकृयामा रहनेछौँ ।*

**सामाजिक सुरक्षा कोषले शुरुका दिनमा जोसका साथ प्रचारप्रसार गऱ्यो तर अहिले एकदमै जुम्सो देखिन्छ भन्ने गुनासोका सन्दर्भमा तपाई के भन्न चाहनुहुन्छ ?**

*हामीले बजार अर्थतन्त्रलाई नै हेरौँ न । शुरुमा कुनै नयाँ योजना लन्च गर्दा आक्रामक रुपमा मार्केटिङ्ग वा पब्लिसिटी गर्नुको विकल्प नै हुन्न । शुरुमा मान्छेले सुन्नुपऱ्यो, त्यसपछि बुझ्नुपऱ्यो अनि मात्रै मागको सृजना हुने हो नि । हामीले पनि गरेको त्यही हो । इन्ट्रडक्सनको फेजमा बढी जोसका साथ प्रचारप्रसार गरियो अहिले त हामी ग्रोथको फेजमा छौँ र यो अवस्थामा शुरुमा जतिकै प्रचारप्रसार आवश्यक हुँदैन । यो त हाम्रो प्रडक्टमा केन्द्रित हुने फेज हो र हामी त्यही गर्दैछौँ । अब हामी अंग्रेजीको एउटा भनाइलाई चरितार्थ गर्न चाहन्छौं,* **"Action Speaks Louder Than Words"**। *हामीले गर्ने प्रचारप्रसार कस्ट इफेक्टिभ हुनुपर्छ । त्यसैले हामी अहिले अनलाइनमार्फत गर्न सकिने प्रचारप्रसारलाई जोड दिइरहेका छौँ । हामी सामाजिक सञ्जालमा निरन्तर प्रचारप्रसार गरिरहेका छौँ । हाम्रा साथीहरू प्रतिष्ठान पुगेर सचेतना कक्षाहरु संचालन गरिरहनु भएकोमा हालै आएर भर्च्युअल कक्षा पनि संचालनमा ल्याइएको छ । हाम्रा वेभ साइटहरूमा प्रशस्तै सूचनामूलक एवं प्रचारात्मक सामग्रीहरू राखेका छौँ । हामी त झन् भित्रभित्रै सूचनाको सुरुङ खन्दै छौँ । हामीलाई जुम्सो हुने छुट छ र ?*

**कोषप्रतिको सरकार, नीजि क्षेत्र र श्रमिकको हाल देखिएको दृष्टिकोण कस्तो रहको छ ?**

*यो त्रिपक्षीय रुपमा आएको कार्यक्रम हो । सरकार, रोजगारदाता एवं योगदानकर्ता श्रमिक संगठनको सहभागिताबाट नै श्रम ऐन, २०७४ जारी भएको र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले नै कोषको संचालक समितिमा त्रिपक्षीय सहभागिताको व्यवस्था समेत गरेको छ।*

*सबैले सामाजिक सुरक्षालाई क्रमशः बुझ्दै गरेको अवस्था छ। सरकारले नीतिगत तहमै कोषको प्रवर्द्धनका लागि विभिन्न निर्णयहरू मार्फत सम्बोधन गरिरहेको छ । हालसालै पनि कोषमा आवद्धता बढाउन कै निम्ति कोषमा आवद्ध हुने श्रमिकको बार्षिक रु ५ लाखसम्मको योगदान वा ३३ प्रतिशत रकम जुन कम हुन्छ सो बराबर यस कोषमा जम्मा गर्दा कर छुटको व्यवस्था गरेको छ । यस्तो सुविधा अन्यत्र पाइदैन । त्यस्तै अन्य सहयोगहरू पनि प्राप्त भएको अवस्था छ। नीजि क्षेत्र नाफामुखी क्षेत्र भएको हुँदा लागत घटाउने कुरामा केन्द्रित हुनु स्वभाविक हो तर योगदानकर्ताहरूको सुरक्षा प्राथमिक कार्य हो तसर्थ कोषले मुनाफा हेर्नुपर्ने आवश्यकता छैन । कोषमा स्वतः रुपमा आउने वातावरण बन्दै गएको छ, लगानी कार्यविधि स्वीकृतिको अन्तिम चरणमा छ भने सुरक्षा योजना कार्यविधि समयानुकुल संशोधनको कार्य अगाडि बढाइएको छ । विभिन्न कोषहरूबिच तालमेल नभएका ऐनमा संशोधन गर्नुपर्ने कुराहरू पनि संयुक्त समितिले टुंग्याइसकेको अवस्था छ। यी यावत कुराहरूका साथै सरकारले आगामी दिनहरूमा समेत कुनै न कुनै रुपमा सम्बोधन गर्छ भन्ने हाम्रो विश्वास छ।*

**विश्वभर फैलिएको कोरोना भाइरस Covid - 19 महामारीको कारण उद्योग धन्दाहरू बन्द भएका छन् । सरकारले गरेको लकडाउनका कारण श्रमिकको रोजिरोटी गुमेको छ। यसले थप असुरक्षाको खतरा निम्त्याएको छ। यस्तो विषम परिस्थितिमा श्रमिकको हकहित र सुरक्षालाई प्रत्याभूत गर्न कस्तो रणनीति अवलम्बन गर्नुभएको छ ?**

*कोष सञ्चालनको शुरुवाती चरणमा छ तथापि यो महामारी शुरु हुँदासम्म कोषमा झण्डै ३२ हजार नियमित योगदानकर्ताहरू रहेका थिए । हामीले सरकारसँग आग्रह गर्‍यौं र ती नियमित योगदानकर्ताको चैत्र महिनाको करिब रु १८ करोड बढी योगदान रकम सरकारले कोषमा जम्मा गरिदिएको अवस्था छ। यसरी कोषमा आवद्ध रोजगारदाता र श्रमिकको दायित्व सरकारले व्यहोरिदिएको छ । अर्कोतर्फ हामीले सरकारलाई हाम्रो तथ्याङ्क उपलब्ध गराएर सहयोग पुर्‍याएका छौं जसले लक्षित वर्ग पहिचानमा सरकारलाई केही सहज भएको अवस्था छ। लकडाउनका कारण स्वास्थ्य उपचार, मातृत्व लगायतको दाबी प्रभावित भएको छ तर म के कुरामा विश्वस्त पार्छु भने लकडाउन अवधिमा गर्नुभएको उपचारहरूको दाबी लकडाउनपछि गर्दा पनि हामी तुरुन्तै भुक्तानी दिने नै छौं। लकडाउनका कारण हामीले नियमित पेन्सन भुक्तानी गर्नुपर्नेहरूको पेन्सन प्रभावित हुन दिएका छैनौं । महामारीका कारण रोजगारी गुमेको अवस्थामा कसरी काम गर्न सकिन्छ भन्ने सन्दर्भमा हामी निरन्तर छलफलमा छौं । महत्वपूर्ण पक्ष भनेको यस्तो विषम परिस्थितिमा महामारीको कारणले श्रमिकको ज्यान कथंकदाचित गयो भने पनि आश्रित परिवारले आजीवन पेन्सन पाउने, सन्ततिले शैक्षिक बृति पाउने व्यवस्था यथावत भएकाले सुरक्षाको प्रत्याभूति कायमै छ ।*

**यो महामारी तीव्र रुपमा फैलिएर कोषले धान्न नसक्ने स्थितिको सृजना भएमा यसको समाधान कोषले कसरी निकाल्छ ?**

*हेर्नुस्, हाम्रो ऐनले नै यस्तो अवस्थाको कल्पना गरेर कोषले धान्न नसक्ने स्थितिको सृजना भएमा सरकारले आर्थिक दायित्व बहन गर्नेसम्म व्यवस्था छ । तसर्थ, यसमा सरकारको जिम्मेवारी रहन्छ। सरकारको ढुकुटीमा पैसा रहुन्जेल सरकार आफ्ना श्रमिकको रक्षाको निम्ति कटिवद्ध छ । सामान्य बीमाजस्तो असहज परिस्थितिमा हामी दायित्वबाट पछि हट्न मिल्दैन ।*

**यो महामारीको प्रभाव कोषलाई भोलिका दिनमा कसरी पर्न सक्ने देख्नुहुन्छ ?**

*यसले हामीलाई सकारात्मक तथा नकारात्मक दुवै प्रभाव पार्ने देखिन्छ। यस्तो विषम परिस्थितिमा हामीलाई सरकारले सहयोग गर्ने रहेछ भन्ने मनोविज्ञान यो महामारीले सिकाएको देखिन्छ । फलस्वरुप लकडाउनको समयमा समेत कोषमा झण्डै चारहजार बढि थप योगदानकर्ता आवद्ध हुनुभएको छ । यो महामारीको सकारात्मक प्रभाव हो । अर्कोतर्फ सूचीकरणलाई यसले केही प्रभावित पार्न सक्छ भने बेरोजगारी तीव्र रुपमा बढेको अवस्थामा त्यसको व्यवस्थापनको अपेक्षा श्रमिकले हामीसँग गर्न सक्ने हुँदा थप चुनौतिको सामना गर्नुपर्ने हुन सक्छ। श्रम बजार अत्यन्तै अस्थिर हुन पुग्यो भने हाम्रा गतिविधिहरू पनि अनप्रेडिक्टेवल हुने सम्भावना छ । तर समग्रमा, हामी समस्या समाधानमा सरकार तथा अन्य सरोकारवालाहरूसँग अवश्य पनि हातेमालो गरेर अघि बढ्ने छौं ।*

**र अन्त्यमा, कोषलाई थप मजबुत र साच्चिकै श्रमिकको हितैषी बनाउन केके गर्न आवश्यक देख्नुहुन्छ ?**

*म के भन्न चाहन्छु भने सरकार, रोजगारदाता र श्रमिक तिनै पक्षको सहकार्यमा व्यवस्था गरिएको, सन् २०३० सम्म सबैका लागि सामाजिक सुरक्षा भन्ने संयुक्त राष्ट्र संघको दिगो विकासको लक्ष्य पूरा गर्न नेपालले हस्ताक्षर गरेको, अन्तर्राष्ट्रिय श्रम संगठन ( आइ.एल.ओ) जस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रतिवद्धता व्यक्त भएबमोजिम व्यवस्था भएको, नेपालको संविधानले नै श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक प्रत्याभूत गरेका जस्ता कारणहरूले गर्दा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम आम जनताको आवश्यकता हो । कोषले सञ्चालनमा ल्याएका सुविधा योजनाहरू आफैँमा पूर्ण नहोलान् तर ती योजनाहरूले कम्तिमा सामाजिक सुरक्षाको उठानलाई सुनिश्चित गरेका छन् । जति सहभागिता बढ्दै जान्छ उति नै कोष थप बलियो हुँदै जाने हो । त्यसैले सरकार, रोजगारदाता, योगदानकर्ता श्रमिक र श्रमिकका प्रतिनिधिमूलक संस्था, श्रम संगठनहरू एवं सरोकारवाला सबैसँग हातेमालो गरेर अघि बढ्न हामी तयार छौं। यो कार्यक्रमको विकल्प छैन। तसर्थ, यस अभियानमा सबै समयमै सहभागी बनी अनिश्चित भविष्यबाट बँच्न र आजीवन आयको निरन्तरताको सुनिश्चितता भएको यस अभियानमा सबै जुटौं।*

¤ ¤ ¤

*( दिनेश कुमार कोईरालाले सामाजिक सुरक्षा खबरका लागि गर्नुभएको कुराकानीमा आधारित)*

## कोष र स्वास्थ्य संस्थाहरुबिच सेवाप्रवाह सम्बन्धी सम्झौता सम्पन्न

वैशाख, २०७७ । सामाजिक सुरक्षा कोष र देशका विभिन्न स्थानमा रहेका ५९ ओटा स्वास्थ्य संस्थाबिच सेवा प्रवाह सम्झौता भएको छ । कोषमा आबद्ध हुने श्रमिकले स्वास्थ्योपचारको सहज सुविधा पाउने गरी अस्पतालहरूसँग सम्झौता भएको हो। कोषसँग सम्झौता भएका अस्पतालहरुमा गई उपचार गराउँदा स्वास्थ्य उपचारको सन्दर्भमा २० प्रतिशतमात्र खर्च आफूले व्यहोर्नुपर्नेछ भने बाँकी रकम कोषले व्यहोर्नेछ। त्यसैगरी, दुर्घटना भई वा व्यवसायजन्य रोगको उपचार गराउनु पर्‍यो भने सम्पूर्ण उपचार खर्च कोषले व्यहोर्ने व्यवस्था रहेको छ। उपचारको निम्ति जाँदा कोषले योगदानकर्ताहरुलाई उपलब्ध गराएको कार्ड भने लिएर जानुपर्नेछ। त्यसैको आधारमा स्वास्थ्य संस्थाले आवश्यक जानकारी लिई सेवा दिने व्यवस्था मिलाइएको छ।

देश भरिका अस्पतालसँग सेवा प्रवाह सम्झौता (MOU) गर्ने गरी सो सम्बन्धी कार्यविधि तयार भई सूचना तथा दर रेटको जानकारीसमेत कोषको वेभ साइटमा मिति २०७६ पौष ९ गते नै प्रकाशित भई सकेकाले न्यूनतम मापदण्ड पूरा गर्ने ईच्छुक सबै सरकारी, सामुदायिक, तथा नीजी स्वास्थ्य संस्थासँग यस्तो सम्झौता गर्न सकिने जनाइएको छ । यस कार्यको संयोजन कोषका निर्देशक उत्तम राज नेपालले गरिरहनुभएको छ।

**सामाजिक सुरक्षा कोषसँग MOU भएका हस्पिटलहरुको विस्तृत विवरण हेर्नलाई दायाँ दिइएको QR Code स्क्यान गर्नुहोस्।**

# समसामयिक गतिविधि र समाचार

## कोषमा आवद्ध हुनेलाई सरकारले दियो थप कर छुट

सामाजिक सुरक्षा कोषमा आवद्ध भई योगदान गर्नेलाई सरकारले थप कर छुटको व्यवस्था गरेको छ। आय कर नियमावलीको दशौं संशोधन २०७६ जारी गर्दै यस्तो व्यवस्था गरिएको हो । आय कर नियामवाली २०५९ को नियम २१ लाई संशोधन गरी सामाजिक सुरक्षा कोषमा आवद्ध हुने योगदानकर्ताले कोषमा योगदान गर्दा पाँच लाख रुपैयाँ वा निजको निर्धारण योग्य आयको एक तिहाइमा जुन घटि हुन्छ, सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्ने व्यवस्था गरेको छ। यससम्बन्धी सूचना फागुन १२ गतेको राजपत्रमा प्रकाशित भइसकेको छ।

धेरै आम्दानी भएकाहरूको आम्दानीको ३३ प्रतिशत रु ५ लाख रुपैयाँभन्दा बढी हुन जाने भए तापनि आम श्रमजीवी जसले सालाखाला मासिक १ लाख ३४ हजारसम्म आम्दानी गर्दछ उसलाई अब कोषमा आवद्ध भएकै कारण दोहोरो कर लाग्ने छैन। यस्तो व्यवस्थाले कोषमा योगदान गर्ने झण्डै ९६ प्रतिशत योगदानकर्तालाई सुविधा मिलेको छ।

## कोषलाई GIZ को प्रविधि र स्वास्थ्य बीमामा सहयोग

जर्मन सहयोग नियोगले सामाजिक सुरक्षा कोषलाई प्रविधि र स्वास्थ्य बीमामा सहयोग गर्ने भएको छ। जस अन्तर्गत स्वास्थ्य संस्थाहरूमा कोषले प्रदान गर्न लागेको Software निर्माण कार्य भै रहेको छ भने दुर्घटना तथा असक्ततको सन्दर्भमा ४ दिने कार्यशाला समेत मिति २०७६ फाल्गुण १३ देखि मिति २०७६ फाल्गुण १६ सम्म सम्पन्न भएको छ। कार्यशालामा सहभागि GIZ का प्रतिनिधिहरूले कोषलाई आफूहरू जस्तो सुकै सहयोग गर्न पनि प्रतिवद्ध रहेको जानकारी गराउनु भयो ।

## सामाजिक सुरक्षा कोषका योगदानकर्ताको चैतको रकम सरकारले व्यहोर्ने

सामाजिक सुरक्षा कोषका योगदानकर्ताको २०७६ चैत महिनाको योगदान रकम सरकारले व्यहोर्ने भएको छ। २०७६ चैत्र १५ गते आइतबार राति बसेको मन्त्रिपरिषद बैठकले सक्रिय रुपमा निरन्तर योगदान गर्दै आईरहेका योगदानकर्ताको चैत महिनाको रकम व्यहोर्ने निर्णय गरेको सरकारका प्रवक्ता डा. युवराज खतिवडाले जानकारी गराउनु भयो।

हाल सामाजिक सुरक्षा कोषमा १२ हजार ३१५ रोजगारदाता र १ लाख ५३ हजार २७६ योगदानकर्ता आवद्ध छन् । तीमध्ये करिब ३४ हजार सक्रिय योगदानकर्ता छन् । लकडाउनका कारण रोजगारदाता र योगदानकर्ता दुवैले ठूलो क्षति व्यहोर्नुपरेको भन्दै सरकारले उनीहरूको एक महिना बराबरको ३१ प्रतिशत रकम जम्मा गरिदिन लागेको हो।

## सेमिनार सम्पन्न

सामाजिक सुरक्षा कोषको आयोजनामा कोभिड १९, सामाजिक सुरक्षा र नेपालको अवस्थाको बिषयमा मिति २०७७ बैशाख ८ गते सोमबार एक सेमिनार सम्पन्न भएको छ । संस्थागत बिद्यालय शिक्षक युनियन नेपाल (ISTU) का केन्द्रीय पदाधिकारीहरूको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा कोभिड १९ ले नेपाल र विश्वव्यापी रुपमा पारेको असर र सामाजिक सुरक्षाको आवश्यकताको बारेमा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले प्रस्तुति दिनुभएको थियो । कार्यक्रममा ISTU का केन्द्रिय अध्यक्ष होमबहादुर थापाले पनि आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा सहभागीहरूले उठाउनु भएको विभिन्न प्रश्न हरूको उत्तर कार्यकारी निर्देशक ज्ञवालीले दिनु भएको थियो ।

## कोभिड १९ राहत कोषमा सामाजिक सुरक्षा कोषद्वारा रकम जम्मा

सामाजिक सुरक्षा कोषले कोभिड १९ का लागि संघीय सरकारद्वारा गठित राहत कोषमा राहत रकम जम्मा गरेको छ । कोषका १० र ११ तह सम्मका कर्मचारीको ७ दिन, ६ देखि ९ तह सम्मका कर्मचारीको ५ दिन र बाँकीको ३ दिन बराबरको तलब कट्टी गरी जम्मा रकम ३ लाख ६ हजार ९४ रुपैयाँ उक्त राहत कोषमा जम्मा गरिएको हो ।

## तालिम कार्यक्रम सम्पन्न

सामाजिक सुरक्षा कोषमा आर्थिक वर्ष २०७६।७७ मा सेवा प्रवेश गरेका सम्पूर्ण कर्मचारीहरूका लागि तालिम कार्यक्रमहरू सम्पन्न भएका छन्। यसै आ.व मा सेवा प्रवेश गरेका सम्पूर्ण कर्मचारी तथा कोषका अन्य सम्पूर्ण कर्मचारीहरूलाई विभिन्न विषयका विज्ञहरूबाट मिति २०७६।११।२ र ३ गते आवासीय तालिम कार्यक्रम धुलिखेलमा सम्पन्न भएको छ । कोषको कानुनी सल्लाहकार श्री रमेश वडाल, मिडियाकर्मी श्री गोकर्ण अवस्थी, श्री टेकबहादुर महत र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव श्री सुमन घिमिरेले प्रशिक्षण गर्नुभएको उक्त तालिम कार्यक्रम अत्यन्तै फलदायी र महत्वपूर्ण रहेको थियो । उक्त तालिम कार्यक्रम विविध प्रयोगात्मक खेलसहितको भएको हुँदा व्यवस्थापनमा कुशल नेतृत्वको विकास, उचित निर्णय, सहभागिता, सञ्चार प्रणाली, समन्वयजस्ता व्यवस्थापकीय तत्वहरूका बारेमा थप निखारता समेत प्राप्त भएको थियो। यस प्रकारको तालिमबाट कर्मचारीहरूमा थप उर्जा र हौसला प्राप्त हुने र आगामी दिनहरूमा पनि यस्तै खालका ज्ञानबर्द्धक र उत्प्रेरणात्मक कार्यक्रमहरू आयोजना गर्ने बाचासहित तालिमको समापन कोषका कार्यकारी निर्देशक श्री कपिलमणि ज्ञवालीले गर्नुभएको थियो।

यसैगरी विभिन्न मितिमा कोषमा सेवाप्रवेश गर्ने सम्पूर्ण कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम सम्पन्न भएको छ। सम्बन्धित विषयका विज्ञहरूबाट सम्पन्न गराइएको उक्त तालिमबाट सेवामा बहाल रहँदा सम्पन्न गर्ने कार्य र उपलब्धिलाई जोड दिइएको थियो। तालिम कार्यक्रम तह ७ देखि ११ लाई पहिलो चरण, तह ६ लाई दोस्रो चरण र तह ४ र ५ लाई तेस्रो चरण गरी तीन चरणमा सम्पन्न भएको थियो । तालिममा सहभागी सम्पूर्ण प्रशिक्षार्थीहरूलाई प्रमाणपत्रसमेत वितरण गरिएको थियो।




## चैत्र मसान्तसम्ममा कोषमा आबद्ध रोजगारदाता , योगदानकर्ता र जम्मा रकमको विवरण

| अवधि | रोजगारदाता | योगदानकर्ता | जम्मा योगदान रकम / महिना (रू ) |
|---|---|---|---|
| श्रावण | ४२३२ | ३२५७५ | ९३५५२३८४.५५ |
| भाद्र | ४९१५ | ५२७२२ | १०३२९४८६०.४ |
| आश्विन | ८४४२ | ९३९६० | १११४५७६७४.४ |
| कार्तिक | ९३५९ | १०५९८९ | १२६३६१२८३.६ |
| मंसीर | ११७९६ | १३१५१९ | १४४१६८३३९.९ |
| पौष | १२०३४ | १३६८४७ | १४०४६९९८७.८ |
| माघ | १२१४८ | १४५३८३ | ११५८२५३९०.३ |
| फाल्गुण | १२२८७ | १५१९०८ | ३३६२३६४०.८४ |
| चैत्र (१५ गते सम्म) | १२३१५ | १५३२७० | ११८३०६८.९ |
| जम्मा | | | ८६९९३६६३०.७ |

## चैत्र मसान्तसम्ममा कोषले गरेको बीमा दाबी भुक्तानीको विवरण

| बीमा दाबी भुक्तानी शीर्षक | संख्या |
|---|---|
| औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा दाबी भुक्तानी | ८९ |
| दुर्घटना तथा असक्तता दाबी भुक्तानी | ७ |
| आश्रित परिवार सुरक्षा दाबी भुक्तानी | ६ |
| उपदान दाबी भुक्तानी | ७ |

## योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम




*सामाजिक सुरक्षा कोषद्वारा प्रकाशित 'सामाजिक सुरक्षा खबर' का लागि*

*संरक्षक :* *कपिलमणि ज्ञवाली*

*सल्लाहकार :* *विवेक पन्थी*

*सम्पादन समूह:*
*रोशन कोजू*
*दिनेशकुमार कोईराला*
*आनन्द वंश न्यौपाने*
*दिपक राज भट्ट*

*सामाजिक सुरक्षा कोष*
*बबरमहल, काठमाण्डौं , नेपाल फोन: ४२५६१४४ र ४२५६३१५*
*ई-मेल: media@ssf.gov.np वेबसाइट: www.ssf.gov.np*

**Follow Us on:**
@ssfnepal2011
@ssf_nepal
Social Security Fund Nepal